# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्वद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्वन्धी मापदण्ड, २०७७

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्वद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन गर्ने वा तोक्ने सम्बन्धी व्यवस्थालाई वस्तुनिष्ठ, निश्पक्ष र पारदर्शी बनाउन नेपाल सरकारले देहायका मापदण्ड बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्वद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्वन्धी मापदण्ड, २०७७" रहेको छ ।

(२) यो मापदण्ड नेपाल सरकारबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्झनु पर्छ ।

(ख) "सार्वजनिक निकाय" भन्नाले मन्त्रालय सम्बद्ध सार्वजनिक निकाय सम्झनु पर्छ।

(ग) “पदाधिकारी” भन्नाले सार्बजनिक निकायको अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष रजिष्ट्रार वा कार्यकारी प्रमुख सम्झनु पर्छ ।

(घ) “कार्यकारी प्रमुख” भन्नाले सार्बजनिक निकायको कार्यकारी प्रमुख भै काम गर्ने अध्यक्ष, कार्यकारी निर्देशक वा महाप्रबन्धक सम्झनु पर्छ ।

(ङ) “सदस्य” भन्नाले सार्बजनिक निकायमा सदस्यको रुपमा नियुक्ति वा मनोनयन भएको व्यक्ति सम्झनु पर्छ ।

(च) “अख्तियारवाला” भन्नाले पदाधिकारी वा सदस्यको नियुक्ति वा मनोनयन गर्ने वा तोक्ने अख्तियारी पाएको निकाय वा अधिकारी सम्झनु पर्छ ।

(छ) “सम्बिन्धत कानून” भन्नाले पदाधिकारी तथा सदस्यको नियुक्ति वा मनोनयन गर्ने वा तोक्ने सम्वन्धि ऐन, नियमावली, आदेश सम्झनु पर्छ ।

(ज) "मापदण्ड" भन्नाले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्वद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्वन्धी मापदण्ड, २०७७ सम्झनु पर्छ ।

३. <u>नेपाल इन्जिनियरिङ्ग परिषद्को अध्यक्ष, उपाध्यक्ष र सदस्य लागि योग्यताः</u> (१) नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ को दफा ५ को उपदफा (१) को खण्ड (क), (ख), (ग) र (च) बमोजिम नेपाल सरकारबाट मनोनित हुने नेपाल इन्जिनियरिङ परिषद्को अध्यक्ष, उपाध्यक्ष र सदस्यको योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाली नागरिक,

(ख) इन्जिनियरिङ्ग विषयमा स्नातक उपाधि हाँसिल गरेको,

(ग) पैतिस बर्ष पुरा भई पैसठ्ठी बर्ष ननाघेको,

(घ) इन्जिनियरिङ्ग व्यवसायमा अध्यक्षको लागि कम्तिमा पन्ध्र बर्ष, उपाध्यक्षको लागि कम्तिमा दश वर्ष र खण्ड (ग) बमोजिम नियुक्त हुने सदस्यको लागि कम्तिमा सात बर्षको अनुभव भएको,

(ङ) इन्जिनियरिङ्ग व्यवसायिक आचार संहिता उल्लंघन गरी निलम्वनमा नपरेको,

(च) प्रचलित कानून बमोजिम नियुक्ति हुन अयोग्य नठहरिएको ।

(२) नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ को दफा २७ को उपदफा (१) बमोजिम नेपाल सरकारबाट नियुक्त हुने रजिष्ट्रारको योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाली नागरिक,

(ख) इन्जिनियरिङ्ग विषयमा स्नातक  उपाधि हाँसिल गरेको,

(ग) पैतिस बर्ष पुरा भई पैसठ्ठी बर्ष ननाघेको,

(घ) इन्जिनियरिङ्ग परिषद्को दर्ता किताबमा नाम समावेश भएको,

(ङ)  इन्जिनियरिङ्ग व्यवसायमा कम्तिमा दश बर्षको अनुभव भएको,

(च) इन्जिनियरिङ्ग व्यवसायिक आचार संहिता उल्लंघन गरी निलम्वनमा नपरेको,

(छ) प्रचलित कानून बमोजिम नियुक्ति हुन अयोग्य नठहरिएको ।

४. <u>सडक बोर्डको कार्यकारी निर्देशकको योग्यताः</u> सडक बोर्ड ऐन, २०५८ को दफा २१ बमोजिम नियुक्त हुने सडक बोर्डको कार्यकारी निर्देशकको योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाली नागरिक,

(ख) हाइवे इन्जिनियरिङ्ग वा व्यवस्थापन विषयमा स्नातकोत्तर उपाधि हाँसिल गरेको,

(ग) हाइवे इन्जिनियरिङ्ग वा व्यवस्थापनको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको ।

(घ) पैंतीस वर्ष उमेर पुरा भइ साठी वर्ष उमेर ननाघेको,

(ङ) प्रचलित कानून बमोजिम नियुक्ति हुन अयोग्य नठहरिएको ।

५. <u>नेपाल रेल्वे कम्पनीको महाप्रवन्धकको योग्यताः</u> नेपाल रेल्वे कम्पनीको महाप्रबन्धकको योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाली नागरिक,

(ख) मान्यता प्राप्त शिक्षणसंस्थाबाट स्नातक उपाधि हाँसिल गरेको,

(ग) व्यवस्थापनको क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव भएको ।

(घ) पैंतीस वर्ष उमेर पुरा भइ साठी वर्ष उमेर ननाघेको,

(ङ) प्रचलित कानून बमोजिम नियुक्ति हुन अयोग्य नठहरिएको ।

६. <u>नेपाल पूर्वाधार निर्माण कम्पनीको प्रमुख कार्यकारी अधिकृतको योग्यताः</u> नेपाल पूर्वाधार निर्माण कम्पनीको प्रमुख कार्यकारी अधिकृतको योग्यता देहाय बमोजिम हुनेछः

(क) नेपाली नागरिक,

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक उपाधि हाँसिल गरेको,

(ग) व्यवस्थापनको क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव भएको ।

(घ) पैंतीस वर्ष उमेर पुरा भइ साठी वर्ष उमेर ननाघेको,

(ङ) प्रचलित कानून बमोजिम नियुक्ति हुन अयोग्य नठहरिएको ।

७. नियुक्तिको लागि अयोग्यताः भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्वद्ध सार्वजनिक निकायमा देहायका व्यक्ति नियुक्ति वा मनोनयनका लागि अयोग्य मानिनेछः-

(क) गैर नेपाली नागरिक,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिकपतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाई वा कुनैं कसूरमा जन्म कैद वा बीस वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको,

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको अबधि तीन बर्ष पुरा नभएको,

(घ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(ङ) तत्काल कुनै राजनितिक दलको सदस्य भएको,

(च) मानसिक सन्तुलन ठीक नभएको,

(छ) सार्वजनिक निकायको कुनै लाभको पद धारण गरी सो सार्वजनिक निकायले अनुमति नदिएको,

<u>स्पष्टीकरण</u> : यस खण्डको प्रयोजनको लागि "लाभको पद" भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पद बाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद सम्झनु पर्छ।

८. <u>पदावधिः</u> सम्वन्धित कानूनमा अन्यथा लेखिएकोमा बाहेक यस मापदण्ड बमोजिम नियुक्त वा मनोनयन भएका पदाधिकारीको पदावधि दुई बर्षको हुनेछ ।

९. <u>पद रिक्त हुने अवस्थाः</u> सम्वन्धित कानूनमा अन्यथा लेखिएकोमा बाहेक भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्वद्ध सार्वजनिक निकायमा नियुक्ति वा मनोनयन भएका व्यक्तिको पद देहायको अवस्थामा रिक्त हुनेछः-

(क) निजले पदबाट राजिनामा दिएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) दफा (७) बमोजिम अयोग्य भएमा,

(घ) कार्यक्षमताको अभाव, खराव आचरण वा इमान्दारितापूर्वक पदीय जिम्मेवारी अनुरुप काम नगरेको आधारमा अख्तियारवालाले हटाएमा,

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन ।

१०. <u>नियुक्ति वा मनोनयनको प्रकृया निर्धारण गर्नेः</u> (१) सम्वन्धित कानूनमा अन्यथा लेखिएकोमा बाहेक सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यमा नियुक्ति वा मनोनयन सम्वन्धी प्रकृया मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रक्रिया निर्धारण गर्दा सार्वजनिक निकायको कार्यकारी प्रमुखको पदमा नियुक्ति वा मनोनयनको लागि सिफारिस गर्दा मन्त्रालयले कार्यविधि बनाई प्रतिस्पर्धाको आधारमा नियुक्ति वा यो मापदण्डमा तोकिएको योग्यता अनुभव भएका व्यक्तिहरु मध्ये मन्त्रालयले उपयुक्त व्यक्तिको व्यक्तिगत विवरण लिई सोही आधारमा मनोनयनको सिफारिस गर्नेछ ।

११. <u>कार्य सम्पादन करार गर्नुपर्नेः</u> (१) कार्यकारी प्रमुखले निज नियुक्ति वा मनोनयन भएको मितिले तीस दिन भित्र मन्त्रालयसँग कार्य सम्पादन करार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य सम्पादन करारमा देहायमा विषय उल्लेख गर्नु पर्नेछः-

क) कार्यकारी प्रमुखले पूरा गर्नुपर्ने कामको विवरण,

ख) निजले पेश गरेको व्यावसायिक विवरण सम्बन्धित सार्वजनिक निकायको सुधारका लागि कार्यान्वयन गरिने योजना रणनीति र कार्यक्रम तथा त्यसको कार्यतालिका,

ग) खण्ड (क) वा (ख) बमोजिम निजले कार्य सम्पादन गर्दा देखिने वा प्राप्त हुने प्रतिफल वा उपलब्धिको विवरण,

घ) खण्ड (ग) बमोजिमको प्रतिफल वा उपलब्धि मापन गर्न सकिने सूचक र त्यसको मूल्याङ्कनको संयन्त्र,

ङ) निजले प्राप्त गर्ने पारिश्रमिक र सुविधा ,

च) अन्य आवश्यक विषय ।

(३) उपदफा (१) बमोजिमको कार्यसम्पादन करार बमोजिम कार्यकारी प्रमुखबाट कार्य सम्पादन भए नभएको विषयमा मन्त्रालयले प्रत्येक छ महिनामा मूल्याङ्कन गर्नेछ।

१२. दोहोरो सुविधा लिन नहुनेः यस मापदण्ड बमोजिम नियुक्त वा मनोनयन भएका पूर्णकालिन पदाधिकारी वा सदस्यले सरकारी कोषबाट निवृत्तिभरण प्राप्त गरिरहेको भए निवृत्तिभरण वा तलब मध्ये कुनै एक मात्र लिन पाउने छ ।

१३. बाँझिएमा गर्नेः यस मापदण्डमा उल्लेख भएको कुनै कुरा प्रचलित कानूनसँग बाँझिएमा बाँझिएको हदसम्म प्रचलित कानूनको व्यवस्था नै मान्य हुनेछ ।

१४. बचाउः यो मापदण्ड लागू हुनुपुर्व नियुक्ति वा मनोनयन भई सार्वजनिक निकायको पदमा बहाल रहेका पदाधिकारी तथा सदस्यहरु यसै मापदण्ड बमोजिम नियुक्ति वा मनोनयन भएको मानिनेछ ।